# उत्तरगया गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

प .सं.२०८३/०८४ लहरेपौवा, रसुवा
च.नं. बागमती प्रदेश, नेपाल

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

मिति: २०८३।०५।२९

श्री महाविपत्तिमा सहयोग गर्नुहुने सबै,
राष्ट्रिय, अन्तर्राष्ट्रिय गैर सरकारी सङ्घ संस्थाहरु।

धन्यवाद ज्ञापन तथा अनुरोध सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०८३।०५।१० गते भोटेकोशी नदीमा आएको विनाशकारी र अकल्पनीय बाढीका कारण सिङ्गो रसुवा जिल्लाको साथै उत्तरगया गाउँपालिकाले अकल्पनीय मानवीय तथा भौतिक क्षति बेहोर्नु परेको हृदयविदारक अवस्था सबैलाई अवगत नै छ। यस महाविपत्तीले हाम्रो पालिकाका नागरिकको जनजीवन, आवास, सडक संजाल, विद्यालय तथा मानवजीवनको बहुपक्षलाई गम्भीर र अपूरणीय क्षति पुर्याएको छ।

सिङ्गो गाउँपालिकाका नागरिकले सामना गरिरहेको यस्तो पीडादायी र कठिन समयमा नागरिकले सामना गरिरहेको दुःख पीडालाई आफ्नो दुःख र पीडा ठानी मानवीय भावनाका साथ देश र विदेशबाट संस्थागत र व्यक्तिगत तवरले खुला मनले गर्नु भएको सहयोग, सद्भाव, मानव प्रेम प्रति गाउँपालिका परिवार, विपद्को सामना गरिरहनु भएको सम्पूर्ण परिवारको तर्फबाट हार्दिक आभार एवम् धन्यवाद ज्ञापन गर्दछु।

यस महाविपत्तीले मानव जीवनको बहूआयामिक पक्षलाई प्रत्यक्ष प्रभाव पारेको छ। ती सबै क्षेत्रमा आगामी दिनमा योजनाबद्ध तवरले तत्कालीन र दीर्घकालीन योजना सघन ढंगले काम गर्नुपर्ने छ। नागरिकको जनजीवनलाई लयमा फर्काउनु पर्ने छ। यो समग्र पक्षको सम्बोधन हुने गरी गाउँपालिकाले प्रभावित नागरिकको भावनाको प्रतिनिधित्व हुने गरी योजना निर्माणको चरणमा छ। यी सबै चरणमा यहाँहरुको बिषयगत क्षेत्रमा र गाउँपालिकाले तय गरेको क्षेत्रमा सहकार्यको अपेक्षा गरेको छौं र सहकार्यका लागि गाउँपालिका परिवारको तर्फबाट आव्हान गर्दछौं।

महाविपत्ति हाम्रो साझा पीडा हो र पुनर्निर्माण र पुनर्स्थापन हाम्रो साझा जिम्मेवारी र दायित्व पनि हो। गाउँपालिकाबाट अनुमति प्राप्त गरी विपद् प्रतिकार्यको विभिन्न क्षेत्रमा कार्य गरिरहदा आवश्यक पर्ने जनशक्ति गाउँपालिकाको समन्वय र अनुमतिमा प्रभावित क्षेत्र र प्रभावित पालिका भित्रबाट मात्र व्यवस्थापन गर्ने कार्यमा सहयोग गरिदिनुहुन अनुरोध छ।

माधवप्रसाद अर्याल
अध्यक्ष